# नवप्रभात संयुक्त क्याम्पस कुलाउ

## विधान-२०७५

पञ्चेश्वर - ३ (कुलाउ), बैतडी

Scanned with OKEN Scanner

त्रिभुवन विश्वविद्यालय
उपकुलपतिको कार्यालय
**योजना निर्देशनालय**
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं. ३०० फा.नं. ०७५/०७६ मिति: २०७६/१/१३

श्री क्याम्पस प्रमुख
नवप्रभात संयुक्त क्याम्पस
वैतडी ।

विषय : विधान स्वीकृत गरिएको बारे ।

त्रि.वि सम्वन्धन सम्वन्धी विनियम २०७३ को परिच्छेद १४(३५) मा उल्लेख भए वमोजिम त्रिभुवन विश्वविद्यालयवाट सम्वन्धन प्रदत्त क्याम्पस/कलेजहरुले यस निर्देशनालयमा पेश गरेको विधान सम्वन्धमा निजी सामुदायिक रुपमा संचालित क्याम्पस कलेजहरुले तयार गरि पेश गरेको विधान अध्ययन गरी सुझाव पेश गर्न गठित समितिको सिफारिस बमोजिम र त्रि.वि. कार्यकारी परिषद्को मिति २०७५/१०/१७ को निर्णय नं २२९८ अनुसार त्यस क्याम्पसले पेश गरेको विधान स्वीकृति गर्न यस निर्देशनालयलाई अख्तियारी दिने निर्णय भए वमोजिम स्वीकृत गरिएको व्यहोरा अनुरोध गर्दछु । स्वीकृत विधान एक प्रति यसैसाथ संलग्न छ ।

(प्रा.डा.अद्रिश कुमार पोखरेल)
कार्यकारी निर्देशक



Scanned with OKEN Scanner

Contact No. : 9865662405, 9749518960, 9749526530

# नवप्रभात संयुक्त क्याम्पस

पञ्चेश्वर-३, कुलाउ, बैतडी

( त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )

कोड नं. - १०१८
प.सं.- २०७५/७६
च.नं.- ३५

मिति-२०७५/०४/२७

द.नं : ५५२/०६५
मिति : २०६५/६/१२

**विषय : विधानको मस्यौदा स्वीकृति सम्बन्धमा ।**

त्रिभुवन विश्वविद्यालय
योजना निर्देशनालय ,
किर्तिपुर, काठमाण्डौं ।

प्रस्तुत विषय सम्बन्धमा तहाँ कार्यालयको मिति २०७४/१२/०२ गतेको सूचना बमोजिम यस क्याम्पसको क्याम्पस सञ्चालन सम्बन्धी विधान बनाई साधारण सभाबाट पारित गरि क्याम्पसको विधानको मस्यौदा स्वीकृतिको लागि पेश गरेको व्यहोरा अनुरोध गरिन्छ ।

(मोती सिंह मगौला)
क्याम्पस प्रमुख

Scanned with OKEN Scanner

# नवप्रभात संयुक्त क्याम्पस बैतडीको
## विधान - २०७५
## (तेस्रो संशोधन )

### प्रस्तावना

आजको एक्काइसौं शताब्दी सुहाउँदो विश्वको वदलिदो परिवेश अनुरुपको प्रतिस्प्रधात्मक, गुणात्मक, व्यवसायिक, वैज्ञानिक, रोजगारमूलक अनुसन्धानात्मक दक्ष जनशक्तिको उत्पादन गर्ने पवित्र ध्येयका साथ उच्च शिक्षालाई सरल र सुलभ तरिकाले निम्न आय भएका, गरिव, दलित, महिला, तथा पिछडिएका जाति तथा जनजातिहरु समक्ष शिक्षाको पहुँच सजिलैसित पुऱ्याउनका लागि यस क्षेत्रका वुद्धिजीवी, शिक्षाप्रेमी समाजसेवी, आमअभिभावकहरुको सक्रियतामा वैतडी जिल्लाको दक्षिण पश्चिम सदरमुकामवाट झन्डै ६० कि.मि. को दुरीमा रहेको अति विकट पञ्चेश्वर-३ कुलाउमा विशुद्ध नाफारहित प्राज्ञिक, सामुदायिक सेवामूलक संस्थाका रुपमा यस नवप्रभात संयुक्त (वहुमुखी) क्याम्पसको स्थापना गरिएको छ ।

## परिच्छेद : १

१) नाम र प्रारम्भ :

१.१) नाम : यस शिक्षण संस्थाको नाम नवप्रभात संयुक्त क्याम्पस कुलाउ पञ्चेश्वर, बैतडी रहनेछ ।

१.२) प्रारम्भ : यो विधानको नाम नवप्रभात संयुक्त क्याम्पस कुलाउको विधान २०७४ रहनेछ

२) परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

क) विधान भन्नाले नवप्रभात संयुक्त क्याम्पसको विधान २०७५ लाई सम्झिनुपर्नेछ ।

ख) क्याम्पस भन्नाले कुलाउ -२, कुलाउमा स्थापित नवप्रभात संयुक्त क्याम्पसलाई जनाउनेछ ।

ग) समिति भन्नाले क्याम्पस सञ्चालक समितिलाई जनाउनेछ ।

घ) उपसमिति भन्नाले क्याम्पस सम्वन्धी तोकिएको विभिन्न कार्य सम्पादन गर्ने सञ्चालक समितिद्धारा गठित अन्य उपसमितिलाई जनाउने छ ।

ङ) सदस्य भन्नाले यस क्याम्पसलाई आर्थिक सहयोग प्रदान गरी वा नगरी प्रमाणपत्र प्राप्त संरक्षक, विशिष्ट, संस्थापक, आजीवन, साधारण, अभिभावक, मानार्थ र आमन्त्रित सदस्यहरुलाई समेत जनाउनेछ ।

च) अभिभावक भन्नाले यस क्याम्पसमा अध्ययनरत विद्यर्थीहरुका आमा बाबु दुबै जना बुझिने छन् । अनाथ विद्यार्थीको हकमा निजको भरण पोषण गर्ने वा नजिकको नाता पर्ने अभिभावक भनि भर्ना फाराममा रेकर्ड उल्लेख गरिएको व्यक्ति अभिभावक हुनेछ ।

## परिच्छेद : २

२.१ उद्देश्य :

क्याम्पसका उद्देश्यहरु यसप्रकार रहनेछन् ।

क) देशको दक्ष जनशक्ति उत्पादनमा थप टेवा पुऱ्याउँदै स्नातक तथा स्नातकोत्तरका साधारण एवं व्यवसायिक जनशक्तिको उत्पादन गर्ने गराउने ।

ख) शैक्षिक मूल्य मान्यताको आधारमा अनुशासित ढंगले उच्च शिक्षा पठन पाठन गराउँदै गुणात्मक शिक्षाको विकास गर्ने ।

ग) व्यवसायिक विषयमा उच्च शिक्षाको परिपुर्ति गर्दै शिक्षामा समान अवसर प्रदान गर्ने राष्ट्रिय अवधारणाको प्रचार गर्ने गराउने ।

घ) बढ्दो वेरोजगारीको समस्याको समाधानमा सहयोग पुऱ्याउँदै अनौपचारिक रुपमा प्राविधिक तथा व्यवसायिक जस्ता वहुआयमिक तालिमहरु सञ्चालन गर्दै लैजाने ।

Scanned with OKEN Scanner

ङ) भविष्यमा प्रा.वि., नि.मा.वि.र उ.मा.वि. स्तरका शिक्षकहरुलाई तालिमको व्यवस्था गरी यस संस्थालाई तालिमकेन्द्रको रुपमा विकसित गर्दै लैजाने ।

च) नाफारहित रुपमा समुदायद्वारा सञ्चालन गर्ने ।

## २.२ सदस्यता :

क) क्याम्पस स्थापनाकालका संस्थापकहरु वा क्याम्पसको शैक्षिक, आर्थिक, भौतिक विकासका लागि निरन्तर रुपमा सहयोग पुऱ्याउने व्यक्तिहरु यस क्याम्पसका सदस्य बन्न सक्नेछन्

ख) सदस्यताको किसिम देहाय बमोजिम हुनेछ ।

- संरक्षक सदस्य
- विशिष्ट सदस्य
- संस्थापक सदस्य
- आजीवन सदस्य
- साधारण सदस्य
- अभिभावक सदस्य
- मानार्थ सदस्य
- आमन्त्रित सदस्य

ग) उपरोक्त सदस्यताको श्रेणी विभाजन अनुसार संस्थापनकाल पछि सदस्यता ग्रहण गर्ने व्यक्ति वा सदस्यलाई संस्थापकको उपाधि दिइनेछ ।

घ) उपरोक्त श्रेणी विभाजन अनुसार सदस्यता लिने व्यक्तिहरुको एउटा क्याम्पस सभा रहनेछ ।

ङ) क्याम्पस सभाका सबै किसिमका सदस्यताहरुको क्याम्पस व्यवस्थापन पक्षँमा महत्वपूर्ण जिम्मेवारी रहनेछ र क्याम्पस स्थापना कालका सदस्यहरुको स्थान उच्च रहनेछ ।

च) उपरोक्त श्रेणीवद्ध सदस्यहरुको काम, कर्तव्य, अधिकार र दायित्व तोकिए बमोजिम हुनेछ ।

छ) पदाधिकारी भन्नाले यस विधान अर्न्तगत गठित क्याम्पस संञ्चालक समिति अध्यक्षँ लगायत सम्पूर्ण सदस्यहरुलाई सम्झिनुपर्छ ।

ज) नियमावली भन्नाले नेपाल सरकार त्रि.वि.वि.को नियमावलीसँग नबाझिने गरी विधान बमोजिम निर्मित नियमावलीहरुलाई सम्झिनु पर्छ ।

झ) क्याम्पस प्रमुख भन्नाले नवप्रभात संयुक्त क्याम्पसको प्रमुखलाई सम्झिनु पर्नेछ ।

Scanned with OKEN Scanner

# परिच्छेद : ३

## ३.१ साधारण सभाको गठन :

निम्नलिखित शर्तहरु पूरा गरेका नेपाली नागरिकहरु मात्र साधारण सभाका सदस्यहरु हुनेछन् । साधारणसभा यस शिक्षण संस्थाको सर्वोच्च निकायको रुपमा रहनेछ ।

क) यस क्याम्पसमा अध्ययनरत विद्यार्थीका अभिभावकहरु ।

ख) क्याम्पस संचालन गर्नका लागि घटीमा रु.१,००१ ।- दिने व्यक्ति ।

ग) क्याम्पस सञ्चालक समितिका पदाधिकारीहरु ।

घ) क्याम्पसलाई भौतिक,आर्थिक एवं बौद्धिक रुपले सहयोग पुऱ्याउने सरोकारवालाहरु मध्येवाट क्याम्पस संचालक समितिले मनोनित गरेको १० जना व्यक्तिहरु ।

ङ) दफा ३.१ (घ) बमोजिम मनोनयन गर्दा ४० प्रतिशत सदस्यहरुलाई महिला,दलित,अपाङ्ग र पिछडिएको समूहवाट प्रतिनिधित्व हुने गरी समतामूलक ढंगवाट मनोनयन गरिनेछ ।

च) क्याम्पसमा कार्यरत प्राध्यापकहरुले आफू मध्येवाट छनोट गरी पठाएका ३ जना व्यक्तिहरु ।

छ) स्थानीय तह अर्न्तगत सेवा क्षेत्रका जननिर्वाचित प्रतिनिधिहरु ।

## ३.२ साधारण सभाको सदस्य नरहने अवस्था :

क) मृत्यु भएमा ।

ख) फौजदारी अभियोगमा अदालतवाट सजाय पाएमा ।

ग) क्याम्पसको हित विपरीत काम गरेको प्रमाणित भएमा ।

घ) मगज विग्रेमा ।

## ३.३ साधारण सभाको बैठक :

क) साधारण सभाको अध्यक्षता क्याम्पस सञ्चालक समितिका अध्यक्षले गर्नेछ ।

ख) साधारणसभाको वैठक समान्यत: वर्षमा एक पटक वस्नेछ ।

ग) साधारणसभाका कूल सदस्य संख्याको ३३ प्रतिशतले वैठक वोलाउन लिखित माग गरेमा सदस्य सचिवले वैठक वोलाउनु पर्नेछ ।

घ) साधारण सभाको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ तर एकपटक गणपूर्तिको अभावमा स्थगित भएको १५ दिनभित्र वोलाउनु पर्नेछ । जसमा ३३ प्रतिशत उपस्थिति गणपुरक मानिनेछ ।

ङ) वैठकमा जनप्रतिनिधि,सरोकार संस्थाका प्रमुख र अन्य प्राज्ञ व्यक्तित्वहरुलाई सञ्चालक समितिका अध्यक्षसँग परामर्श गरी सदस्य सचिवले आमन्त्रण गर्न सक्नेछ ।

च) वैठकमा निणर्य गर्दा सर्वसम्मतिवाट निर्णय गर्ने प्रयास गरिनेछ । तर कुनै विषयमा निर्णय नलिई नहुने अवस्था आएमा वहुमतको निर्णय मान्य हुनेछ ।

छ) साधारण सभाको सदस्य सचिवको कार्य वहालवाला क्याम्पस प्रमुखले गर्नेछ ।

## ३.४ साधारण सभाको काम, कर्तव्य र अधिकार :

क्याम्पसको साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) वार्षिक वजेट अनुमोदन गर्ने ।

ख) जनलेखापरीक्षण गर्ने ।

ग) विधान, नियमावली संशोधन एवं पारित गर्ने ।

घ) क्याम्पस सञ्चालक समितिको सिफारिसमा क्याम्पसको अचल सम्पत्ति खरिद एवं बिकी गर्न स्वीकृत प्रदान गर्न सक्नेछ ।

ङ) संचालक समितिको लागि सदस्य मनोनय गर्ने ।

## परिच्छेद : ४

**४.१ सञ्चालक समितिको गठन :**

**क्याम्पसको सञ्चालन, रेखदेख, नियन्त्रण र व्यवस्थापन गर्नका लागि देहायका सदस्यहरू रहेको एक सञ्चालक समिति रहनेछ ।**

क) संस्थापक, चन्दादाता वा शैक्षिक संस्थाको अनुभव वोकेका प्राज्ञ बुद्धिजीवी, शिक्षाप्रेमी मध्येवाट साधारण सभाद्वारा छनोट गरिएको १ जना व्यक्ति – अध्यक्ष

ख) कम्तिमा १/१ जना महिला, दलित र अपाङ्ग समूहको प्रतिनिधित्व गर्ने गरी साधारण सभाको बैठकवाट मनोनित ३ जना व्यक्ति – सदस्य

ग) अध्यक्ष ने.प्रा. संघ क्याम्पस एकाइ समिति – सदस्य

घ) स्व.वि.यु. अध्यक्ष – सदस्य

ङ) संस्थापक, चन्दादाता, जग्गादाता मध्ये क्याम्पस सञ्चालक समितिले मनोनित गरेका २ जना व्यक्ति – सदस्य

छ) त्रि.वि. प्रतिनिधि – सदस्य

ज) स्थानिय निकायको सम्वन्धीत वडाको वडा अध्यक्ष वा निजले तोकेको १ जना प्रतिनिधि – सदस्य

झ) क्याम्पस प्रमुख – सदस्य सचिव

**४.२ पदावधि :**

सञ्चालक समितिको सदस्यहरुको पदावधि त्रि .वि .वि नियमले व्यवस्था गरे वमोजिम वा ३ वर्षको हुनेछ ।

४.३ सञ्चालक समितिको वैठक एक वर्षमा कम्तिमा ६ पटक वस्नेछ । तर ३३ प्रतिशत सदस्यहरुले वैठक वोलाउनका लागि लिखित रुपमा दिएमात्र सदस्य सचिवले ७ दिन भित्र वैठक वोलाउन पर्ने छ ।

४.४ सञ्चालक समितिको वैठक वस्न कूल सदस्य संख्याको ५१ प्रतिशत उपस्थिति गणपुरक मानिनेछ ।

४.५ सञ्चालक समितिको सदस्य नरहने अवस्था :

क) मृत्यु भएमा ।

ख) अदालतवाट फौजदारी अभियोगको सजाय पाएको भएमा ।

ग) मगज विग्रेमा ।

घ) क्याम्पसको हित विपरित काम गरेको प्रमाणित भएमा ।

ङ) सञ्चालक समितिको पदाधिकारी उमेर २१ वर्ष भन्दा कम भएमा ।

४.६ **सञ्चालक समितिको काम कर्तव्य र अधिकार :**

क्याम्पस सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछन् ।

क) क्याम्पस सञ्चालन ,रेखदेख र निरीक्षण गर्ने ।

ख) क्याम्पस सञ्चँलनको निमित्त चाहिने आथिक श्रोत जुटाउने र आर्थिक व्ययभार वहन गर्ने ।

ग) प्राध्यापक तथा कर्मचारीको नियुक्ति तथा सेवाको सुरक्षा सम्वर्द्धन गर्ने,पदोन्नती र पुरस्कार दिने प्राध्यापक तथा कर्मचारी माथि अनुशासनात्मक कारवाही गर्ने र अवकास दिने सम्वन्धमा यो नियमको अधिनमा रही समितिले विनियम वनाई व्यवस्थित गर्ने ।

घ) क्याम्पसको चल अचल सम्पतिको लगत राख्ने, राख्न लगाउने संरक्ष्ँण गर्ने र चल अचल सम्पतिको खरिद विक्री गर्दा तत्कालै साधारण सभा वस्ने अवस्था नभएमा पनि सर्मथन गराउने गरी खरिद विक्री गर्ने ।

ङ) रजिष्टर्ड लेखा परीक्ष्ँकद्वारा क्याम्पसको आय र अन्य सम्पतिको लेखा परीक्षण गराउने । अनियमित देखिएमा कारवाही समेत गर्ने ।

च) प्रत्येक वर्ष क्याम्पसको साधारणसभा वोलाउने र वार्षिक प्रतिवेदन तथा आय व्ययको वजेट विवरण पेश गर्ने ।

छ) सञ्चालक समितिका सदस्यहरुवाट क्याम्पसको नियमित निरीक्षण गराउने र निरीक्षण प्रतिवेदन माथि आवश्यक सुनुवाई गर्ने ।

ज) धार्मिक साम्प्रदायिक एवं राजनैतिक मनोवृत्तिका आधारमा क्याम्पसको वातावरण धमिल्याउन नदिने ।

झ) नेपाल सरकारवाट सञ्चालन हुने विभिन्न कार्यक्रम तथा राष्ट्रिय पर्वहरुमा क्यम्पसलाई सरिक गराउने ।

ञ) सञ्चालक समितिले आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्न सक्नेछ ।

ट) सञ्चालक समितिले यो नियमावलीमा उल्लेख नभएका विषयहरुमा सामूहिक निर्णय गरी साधारण सभावाट अनुमोदन गराउने ।

ठ) क्याम्पसको सम्पत्ति कसैले हिनामिना गरेमा सञ्चालक समितिले निजवाट असुल गर्नेछ र मुद्दा चलाउन पनि आफू मध्ये कसैलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

ड) सञ्चालक समितिले आफ्ना केही अधिकारहरु क्याम्पस प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४.७ **सञ्चालक समिति विघटन गर्न सकिने :**

क) क्याम्पस सञ्चालक समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई क्याम्पस साधारण सभाले विघटन गर्न सक्ने छ । तर त्यसरी विघटन गर्नुअघि क्याम्पस सञ्चालक समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्ने छ ।

ख) उपदफा (क) वमोजिम सञ्चालक समिति विघटन भएपछि अर्को क्याम्पस सञ्चालक समिति गठन नभएसम्मको लागि एक अस्थायी क्याम्पस सञ्चालक समिति क्याम्पस साधारण सभाले गठन गर्न सक्ने छ ।

Scanned with OKEN Scanner

## परिच्छेद : ५

**५.१ सञ्चालक समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार :**

सञ्चालक समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) साधारण सभा र संचालक समितिको अध्यक्षता गर्ने

ख) यो विधान बमोजिम संचालक समिति र साधारण सभाको बैठक बोलाउने सदस्य सचिवलाई निर्देशन दिने ।

ग) क्याम्पसको उत्थानका लागि भौतिक र बौद्धिक सहयोग जुटाउने ।

घ) संचालक समिति तथा साधारण सभाको निर्णय कार्यान्वयन गराउने तथा निरीक्षण गर्ने गराउने ।

ङ) क्याम्पसको जुनसुकै कार्य पनि जुनसुकै समयमा निरीक्षण गर्न सक्नेछन् ।

च) संचालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएको स्थितिमा अध्यक्षले निर्णायक मत दिन सक्ने छन् ।

छ) क्याम्पस प्रमुखको ७ दिनभन्दा बढी बिदा स्वीकृत गर्ने ।

ज) संचालक समितिबाट अनुमोदन हुने गरी विशेष परिस्थितिमा अध्यक्षले क्याम्पसको हितलाई ध्यानमा राखी जुनसुकै विषयमा पनि निर्णय लिन सक्नेछन् ।

## परिच्छेद : ६

**६.१ प्राध्यापक, कर्मचारी व्यवस्थापन र छनोट :**

क्याम्पसलाई आवश्यक हुने प्राध्यापक तथा कर्मचारीलाई पूर्णकालिन, आंशिक रुपमा दरवन्दी सिर्जना गरी सञ्चालक समितिको निर्णयानुसार नियुक्त गरिने छ ।

**६.२ प्राध्यापक, कर्मचारी छनोट :**

क्याम्पसलाई बेलाबेलामा आवश्यक हुने प्राध्यापक तथा कर्मचारीको सञ्चालक समितिले दरवन्दी सिर्जना गरेपछि छनोटका लागि क्याम्पस प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको छनोट उपसमिति गठन गरी छनोट गरिनेछ ।

| | | | |
|---|---|---|---|
| • क्याम्पस प्रमुख पदेन | – | संयोजक | १ |
| • सञ्चालक समितिको प्रतिनिधि | – | सदस्य | १ |
| • सम्वन्धित संकाय प्रमुख | – | सदस्य | १ |
| • विषय विशेषज्ञ | – | सदस्य | १ |
| • विषय समिति प्रमुख | – | सदस्य | १ |

प्राध्यापक तथा कर्मचारीहरुको स्थायी तथा अस्थायी नियुक्ति गर्नु परेमा आवश्यक प्रक्रिया पूरा गरी छनोट समितिले सिफारिस गरेको आधारमा क्याम्पस प्रमुखले नियुक्त गर्न सक्ने छन् । छनोट प्रक्रिया छनोट समिति आफैंले गरे बमोजिम हुनेछ ।

६.३ क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुख :

क) क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखको नियुक्ति संचालक समितिको निर्णय अनुसार अध्यक्षद्वारा गरिनेछ ।

ख) क्याम्पस प्रमुख नियुक्त गर्दा संचालक समितिले आवश्यक रित पुऱ्याई नवप्रभात संयुक्त क्याम्पसमा काम गरिरहेका प्राध्यापक मध्येबाट जेष्ठता र क्षमताको आधारमा योग्य व्यक्तिको छनोट गरिनेछ ।

ग) विशेष परिस्थितिमा विशेषज्ञ वा त्रिभुवन विश्वविद्यालयबाट पनि योग्य र अनुभवी प्राध्यापक आमन्त्रण गरी क्याम्पस प्रमुख नियुक्त गर्न सकिनेछ ।

६.४ कार्य विधि :

क्याम्पस प्रमुखको कार्य विधि समान्यतया ४ वर्षको हुनेछ र एक पटक क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुख पदमा नियुक्त भएको व्यक्तिलाई पुनः म्याद थप गर्न वा नियुक्त गर्न पनि सकिनेछ ।

६.५ सुविधा :

क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखले पाउने सुविधा सञ्चालक समितिले तोकेबमोजिम हुनेछ ।

६.६ क्याम्पस प्रमुखको काम ,कर्तव्य र अधिकार :

क्याम्पस प्रमुखको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) क्याम्पसमा अध्ययन अध्यापन तथा अन्य कार्य गर्ने सबै तहका शिक्षक , कर्मचारी , विद्यार्थी र अभिभावकहरु बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने ।

ख) क्याम्पसको दैनिक प्रशासनिक तथा शैक्षिक कार्य सञ्चालन गर्ने ।

ग) सदस्य सचिवको हैसियतले सञ्चालक समितिद्वारा भए गरेका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

घ) क्याम्पसको र सञ्चालक समितिको वार्षिक आय व्यय विवरण तयार गरी सञ्चालक समितिमा पेश गर्ने ।

ङ) स्वीकृत बजेट अनुसार क्याम्पसको वार्षिक कार्यक्रम बनाई तदअनुरुप कार्य सञ्चालन गर्ने ।

च) क्याम्पसको शैक्षिक गुणात्मक स्तर वृद्धि तर्फ आवश्यक कारवाही गर्ने ।

छ) क्याम्पसको शैक्षिक तथा साधारण र आर्थिक प्रशासनको जिम्मेवारी लिई सञ्चालन गर्ने ।

ज) पुस्तकालयको व्यवस्था गर्ने ।

झ) क्याम्पसका शिक्षक तथा विद्यार्थी प्रतिनिधि समेत भएको विनियममा तोके बमोजिमको छात्रवृत्ति वितरण गर्ने । छात्रवृत्ति दिदा नियमावलीमा उल्लेखित भए बमोजिम वर्गीकरण गर्ने ।

ञ) विद्यार्थीहरुको आर्थिक अवस्था हेरी ( गरिब ,जेहेन्दार , अपाङ्ग ) शुल्क माफ गर्न नियमावलीमा व्यवस्था भए अनुसार गर्ने ।

ट) अतिरिक्त क्रियाकलापको व्यवस्था गर्ने ।

ठ) क्याम्पस भित्र प्रवचन दिलाउने , प्रदर्शन वा अन्य नाचगान गर्न अनुमति दिने ।

ड) विद्यार्थीहरु सम्वन्धी समस्याहरु समाधान गर्ने ।

ढ) क्याम्पसको सम्पत्तिको लेखा राख्ने , सम्भार तथा सुरक्षा गर्ने र सदुपयोग भए नभएको हेर्ने ।

ण) शिक्षक तथा कर्मचारीलाई काम बाड्ने ।

त) क्याम्पसमा कार्यरत व्यक्तिहरुको सेवाको रेकर्ड राख्ने ।

Scanned with OKEN Scanner

थ) बिदा स्वीकृत गर्ने र बिदाको रेकर्ड राख्ने ।

द) शिक्षक तथा कर्मचारीहरुको कार्यको मूल्याङ्कन गरी प्रतिवेदन सञ्चालक समितिमा पठाउने ।

ध) क्याम्पसको वार्षिक प्रतिवेदन तयार गरी साधारण सभामा पेश गर्ने ।

न) अवांछित व्यक्तिलाई क्याम्पस भित्र पस्न नदिने ।

प) आफ्नो अनुपस्थितिमा काम रोक्न नदिनुको निम्ति क्याम्पस प्रमुखको व्यवस्था गर्ने । निमित्त क्याम्पस प्रमुख नियुक्त गर्दा सामान्य तथा सिनियरटीलाई आधार मान्ने ।

फ) असाधारण परिस्थति आइपरेमा त्यस्तो स्थित समाल्न अवश्यक सबै व्यवस्था गर्ने ।

ब) क्याम्पसको काम,कारवाही , सुव्यवस्था र सुसञ्चालनको निम्ति आवश्यक सबै काम कारवाही गर्ने ।

भ) क्याम्पस प्रमुखले क्याम्पसका आर्थिक तथा प्रशासनिक कार्यका नियम तथा विनियमको व्यवस्थाको अधिनमा रही काम गर्ने ।

म) क्याम्पस प्रमुख, संचालक समितिप्रति उत्तरदायी रहने ।

**६.६ सहायक क्याम्पस प्रमुखको काम ,कर्तव्य र अधिकार :**

क्याम्पस सञ्चालक समितिको निर्णय र क्याम्पस प्रमुखले तोके अनुसार हुनेछ ।

## परिच्छेद : ७

**सेवाका शर्त :**

७.१ यो विधानमा लेखिएको बाहेक क्याम्पसका शिक्षकको तथा कर्मचारीहरुको सेवाशर्तहरु नियमावलीमा तोके बमोजिम हुनेछ ।

७.२ क्याम्पसमा गरिने सबै स्थायी नियुक्तिहरु प्रारम्भमा एक वर्षको परीक्षणकालमा रहने छन् ।

७.३ परीक्षणकालमा रहेका शिक्षक तथा कर्मचारीको परीक्षणकाल समाप्त भई सकेपछि निजको परीक्षणकाल हटाउने सिफारिस क्याम्पस प्रमुखले सञ्चालन समितिमा पेश गर्नु पर्नेछ ।

**७.४ अस्थायी नियुक्त :**

कुनै कारणले लामो अवधिसम्म कुनै पदरिक्त रहने भएमा सो पदमा आवश्यकता हेरी अस्थायी रुपले अर्को व्यक्तिलाई नियुक्त गर्न सकिने छ । यस्तो नियुक्ति नियमावलीमा तोकिए बमोजिम गरिनेछ ।

**७.५ आंशिक नियुक्ति :**

क्याम्पस संचालक समितिले आवश्यकता अनुसार आंशिक शिक्षक नियुक्त गर्न सक्नेछ । आंशिक रुपमा कार्य गर्ने शिक्षकहरुको पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

७.६ अस्थायी सेवामा भएको शिक्षक वा कर्मचारीले सेवाबाट राजिनामा गर्न चाहेमा तिन महिना अगावै क्याम्पसलाई सूचना दिनुपर्नेछ ।

७.८ अनुभव गणना हुने :

Scanned with OKEN Scanner

त्रि. वि. वि. सँग सम्बन्धन लिएका अन्य क्याम्पसहरुमा कार्य गरिसकेका यस क्याम्पसका प्राध्यापकहरुको अनुभवको गणना गरि अभिलेख समेत राखिने छ।

७.९ सञ्चालक समितिले क्याम्पसको कुनै दरबन्दी खारेज गर्ने निर्णय गरेमा र सो निर्णयबाट क्याम्पसको कुनै स्थायी शिक्षक वा कर्मचारी सेवाबाट अवकास पाउने भएमा निजलाई क्याम्पसले तीन महिनाको पूर्व सूचना वा तीन महिनाको तलब दिनुपर्नेछ।

७.१० कुनै शिक्षक वा कर्मचारीले क्याम्पसको सेवा छोड्न अगावै बरबुझारथ गर्नुपर्ने छ। सो नगरेमा निजको बाँकी तलब र सञ्चय कोषमा रहेको रकमबाट असुल उपर गरिनेछ।

७.११ क्याम्पस प्रमुखले कारण जनाई तलब वृद्धि रोक्का नगरेमा क्याम्पसको स्थायी शिक्षक वा कर्मचारीले पुरा एक आर्थिक वर्षको श्रावण संक्रान्ति देखि आषाढ मसान्त सम्मको सेवा अवधि पूरा गरेपछि एउटा तलब वृद्धि फुकुवा भएका हकमा सो तलब वृद्धि पाकेको मिति देखि पाउनेछ।

७.१२ शिक्षक तथा कर्मचारीले क्याम्पसको कामको लागि भ्रमण गर्नुपर्दा पाउने सुविधा नियमावलीमा तोकेबमोजिम हुनेछ।

**७.१३ सजाय :**

उचित र प्रयाप्त कारण भएमा अधिकारवालाले शिक्षक र कर्मचारीलाई देहायको सजाय दिन सक्नेछ।

क) नसिहत दिने

ख) तलब वृद्धि रोक्ने वा बढुवा रोक्ने।

ग) लापरवाहीले नियम आदेशको पालना नगर्नाले क्याम्पसलाई हुन गएको नोक्सानी सम्पूर्ण वा आंशिक रुपमा तलबबाट कट्टी गरी असुल गर्ने।

घ) निलम्बन गर्ने

ङ) उपयुक्त भन्दा बढी सजाय दिनु परेमा अधिकारवालाले सजाय दिनु पर्ने कारण र आफ्नो राय सहित सञ्चालक समिति समक्ष पेश गर्नु पर्नेछ।

७.१४ अधिकारवालाले उपयुक्त अधिकारहरु निम्न लिखित अवस्थामा प्रयोग गर्न सक्नेछ।

क) आफ्नो कर्तव्यमा लापरवाही गरेमा।

ख) कार्यक्षमताको अभाव भएमा।

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा।

घ) भ्रष्टाचार गरेमा।

ङ) आचारसंहिताको उलङ्घन गरेमा।

**७.१५ पुनरावेदन :**

आफूले पाएको सजाय विरुद्ध सम्बन्धी शिक्षक वा कर्मचारीले आफू निर्दोष भएको प्रमाणहरु सहित सञ्चालक समिति समक्ष ३५ दिन भित्र पुनरावेदन दिन सक्नेछन। सञ्चालक समितिले सो सम्बन्धमा छानबिन गरी अन्तिम निर्णय दिने।

**७.१६ क्याम्पसको समय :**

क्याम्पसको काम गर्ने समय सञ्चालक समितिले तोके बमोजिम हुनेछ।

**७.१७ सेवा अवधि :**

क) यस विधानमा अन्यथा लेखिएकोमा बाहेक प्राध्यापकको ६५ वर्ष तथा कर्मचारीहरुलेको सेवा अवधि ६० वर्षको उमेर सम्म हुनेछ ।

७.१८ **विदाको सुविधा :**

क) विदाको अधिकारको रुपमा नभई सुविधाको रुपमा मानिनेछ ।

ख) क्या.वि .बाहेक अन्य विदा स्वीकृत विना उपभोग गर्न पाइने छैन् ।

ग) विदा : क्याम्पसका शिक्षक तथा कर्मचारीले निम्न बमोजिम विदा पाउनेछन् ।

१) प्राध्यापक तथा कर्मचारीले वर्ष भरिमा ६ दिन भैपरी आउने विदा र ६ दिन पर्व विदा पाउने छन् ।

२) एक वर्षमा १२ दिन शिक्षक तथा कर्मचारीले विरामी विदा पाउने छन् ।

३) एक पटकमा ७ दिन भन्दा वढी विरामी विदा वस्नु परेमा रजिष्टर्ड मेडिकल अधिकृत वा कविराजबाट प्राप्त मेडिकल सर्टिफिकेट पेश गर्नु पर्नेछ ।

४) विरामी विदा जति सुकै अवधि सम्म पनि सञ्चित गर्न सकिनेछ ।

५) वर्षा वा हिउँदे विदा नपाउने कर्मचारी वा शिक्षकले प्रत्येक महिनाको अढाई दिनका दरले वर्ष भरिमा तीस दिन घर विदा पाउने छ ।

६) विरामी विदा र घर विदा बाहेक अन्य कुनै पनि विदा सञ्चित हुने छैन् ।

७) सञ्चित घरविदाको आषाढको अन्तमा सो विदाको रकम पाउने छ । तर वर्षे विदा र भैपरी आउने विदाको रकम पाउने छैन् ।

८) कम्तीमा ७ दिन घर विदामा वस्ने कर्मचारीले दिनको ६ कोषको दरले आते जाते बाटो म्याद पाउनेछ ।

९) वर्षे वा हिउँदे विदा पाउने शिक्षक वा कर्मचारीले नियुक्ति पाएको मितिले कम्तिमा १० महिना काम गरेको हुनुपर्दछ । सो नभएमा काम गरेको प्रतिमहिनाको ६ दिनका दरले तलबी विदा पाउने छ ।

**सुत्केरी बिदा :**

क्याम्पसको स्थायी सेवामा रहेका महिला शिक्षक तथा कर्मचारीलई वढीमा ३५ दिन सम्मको पूरा तलवी सुत्केरी विदा दिइने छ । तर सुत्केरी विदा सेवा अवधि भरि दुई पटक दिइनेछ ।

**बेतलबी बिदा :**

शिक्षक वा कर्मचारीको कुनै विदा बाँकी नरहेमा सम्वन्धित स्थायी शिक्षक वा कर्मचारीले वेतलवी विदाको लागि निवेदन गरेमा सम्पूर्ण सेवा अवधिमा वढीमा दुई वर्षको वेतलवी विदा र कम्तीमा एक वर्षको अटुट सेवा गरिसकेको अस्थायी शिक्षक वा कर्मचरीलाई वढीमा एक महिनाको वेतलवी विदा दिन सकिनेछ ।

**किरिया बिदा :**

क्याम्पसको शिक्षक वा कर्मचारीलाई आफूले किरिया वस्नु परको अवस्थामा निजलाई १५ दिनको पुरा तलवी किरिया विदा दिइने छ ।

**अध्ययन बिदा :**

क) क्याम्पसको स्थायी सेवामा कम्तीमा ५ वर्ष काम गरी सकेका तर ४५ वर्ष ननाघेको शिक्षकलाई कुनै विश्वविद्यालय वा शिक्षण संस्थामा उच्च अध्ययन गर्नको लागि क्याम्पसमा अध्ययन गराइने विषय सँग मिल्ने विषयमा निजको सेवा अवधिमा वढीमा ३ वर्षको आधा तलवी अध्ययन विदा



Scanned with OKEN Scanner

दिन सक्नेछन् । तर क्याम्पसले नै अध्ययनको लागि पठाएका शिक्षक वा कर्मचारीले उक्त अवधिको पुरा तलबी अध्ययन बिदा पाउने छ ।

ख) अध्ययन बिदामा पठाएका शिक्षक वा कर्मचारीले अध्ययन समाप्त भएपछि कम्तिमा ५ वर्ष नवप्रभात संयुक्त क्याम्पसको सेवामा रहने कबुलियत गर्नु पर्नेछ । तर स्वइच्छाले अध्ययन गर्न भनि गएकोमा निजले सो अवधिको तलब पाउने छैन् । अधिकारवालाको सिफारिसमा सञ्चालक समितिले मात्र अध्ययन बिदाको स्वीकृती दिने छ ।

१०) यी नियमहरुमा जे सुकै लेखिएको भएतापनि पाले पहरेदार वा युटिलिटि सर्भिस भनि तोकिएका कर्मचारीहरुले कुनै पनि सार्वजनिक बिदा उपभोग गर्न पाउने छैन् सो वाफत निजले प्रत्येक वर्षको अन्तमा ३६ दिनको सट्टा बिदा अथवा सो अनुसारको रकम पाउने छन् ।

११) कुनै पनि बिदाको सट्टा रकम भुक्तान गर्नु परेमा शिक्षक वा कर्मचारीले पाउने शुरु स्केल तलवको हिसाबले मात्र रकम पाउने छन् ।

## ७.१९ सेवा दर्ता किताब :

क) क्याम्पस प्रमुखको कार्यालयमा क्याम्पसका सबै शिक्षक तथा कर्मचारीहरुको सेवा दर्ता किताव रहने छ ।

ख) सेवा दर्ता किताबमा शिक्षक तथा कर्मचारीले तीन पुस्ते सहित उमेर खुलेको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि एस.एल.सी. वा सो सरह देखि माथिका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु र उमेर खुलेको प्रमाणपत्र रहने छ ।

ग) सेवा पुस्तिका : यस पुस्तिकामा प्रत्येक शिक्षक तथा कर्मचारीको सेवा तथा आचरण सम्वन्धी अभिलेख राखिनेछ ।

## ७.२० मूल्याङ्कन :

शिक्षक तथा कर्मचारीको कार्य सम्पादन सम्बन्धी मूल्याङ्कन नियमावलीमा तोके बमोजिम हुनेछ ।

## ७.२१ संचयकोष :

क) क्याम्पसमा पूरा समय काम गर्ने स्थायी शिक्षक र कर्मचारीले विनियम अनुसार सञ्चयकोष सुविधा पाउने छन् ।

## ७.२२ अवकास :

क) अनिवार्य अवकास : क्यम्पसको कुनै पनि शिक्षक ६५ वर्ष वा कर्मचारी ६० वर्ष पुरा भएपछि निजलाई क्यम्पसको सेवावाट अनिवार्य अवकास दिइनेछ ।

Scanned with OKEN Scanner

# परिच्छेद : ८

## ८.१ आर्थिक प्रणाली :

क) विभिन्न किसिमका चन्दा, अनुदान, शुल्क, ऋण तथा अन्य श्रोतबाट प्राप्त रकमको नवप्रभात संयुक्त क्याम्पस कोष खडा गरी सो रकम राष्ट्रिय वाणिज्य बैङ्कमा क्याम्पस सञ्चालक समितिको नामबाट मुद्धती र चल्ती खाता खोल्न सकिनेछ ।

ख) क्याम्पसका खाताहरु क्याम्पस प्रमुख तथा लेखापालको संयुक्त हस्ताक्षरमा खोलिनेछन् ।

ग) विद्यार्थीबाट प्राप्त शुल्क तथा विभिन्न श्रोतबाट प्राप्त हुने रकम समयले भ्याएमा त्यसैदिन र नभ्याएमा भोलिपल्ट वा बिदा परे त्यसको भोलिपल्ट क्याम्पसको खातामा गर्न गराउनु पर्दछ ।

घ) सानो नगदी कोषको लागि रु. ५०० भन्दा बढी नगद राख्न पाइने छैन् ।

ङ) रु. २०० भन्दा बढी रकमको भुक्तानी चेकबाट दिनेपर्ने छ ।

च) क्याम्पस प्रमुख एक महिना भन्दा बढी बिदामा बसेको वा कुनै कारणले अनुपस्थिति रहेको समयमा निमित्त भई काम गर्ने व्यक्तिले खाता सञ्चालन गर्न सकिनेछ ।

छ) क्याम्पसको मुद्धती खातामा रहेको रकम सञ्चालक समितिको निर्णयबाट मात्र झिक्न पाइनेछ ।

ज) विकास निर्माणको कार्य र कारवाही सञ्चालन समितिको निर्णय अनुसार हुनेछ ।

## ८.२ क्याम्पस कोषको प्रयोग :

क्याम्पस कोषको प्रयोग निम्नलिखित उद्देश्य पुर्तिको लागि गर्न सकिनेछ ।

क) नियम र विनियम उद्देश्य पुर्तिको लागि र क्याम्पसले लिएको ऋण तिर्नका लागि ।

ख) क्याम्पस भवन, पुस्तकालय, क्याम्पसको विस्तार, विकासको लागि गरिने अन्य निर्माण कार्यको लागि र क्याम्पस छात्रवास, शिक्षक निवास, अतिथी गृह परीक्षा आदि सञ्चालनका लागि ।

ग) क्याम्पसका पदाधिकारी शिक्षक एवं कर्मचारीको तलब भत्ता वृद्धि विकास छात्रवृत्ति तथा लुगाभत्ता दिनुको लागि ।

घ) यस नियममा नतोकिएका तर क्याम्पसको प्रयोजनको लागि खर्च हुने भनि सभाले ठहऱ्याएको अन्य खर्च ।

ङ) क्याम्पसको हितको निम्ति क्याम्पस कोषमा रहेको रकमलाई सञ्चालक समितिले आय बढाउने कार्यमा लगानी गर्न सक्नेछ ।

## ८.३ क्याम्पसको हिसाब :

क्याम्पसको हिसाव किताव निमावलीमा तोकिए बमोजिम राखिनेछ ।

## ८.४ ठेक्कापट्टा :

क्याम्पसको तर्फबाट गरिने कुनै पनि किसिमको ठेकापट्टा वा कवुलियत सम्वन्धी शर्तहरु सञ्चालक समितिले नियमावलीमा तोके बमोजिम हरनेछ ।

## परिच्छेद : ९

### ९.१ शिक्षक तथा कर्मचारीका लागि आचारसंहिता :

क्याम्पस प्रमुख लगायत सबै प्राध्यापकहरु तथा कर्मचारीहरुले देहाय वमोजिम आचार संहिताको पालना गर्नुपर्ने छ ।

क) अध्ययन अध्यापनलाई आफ्नो मुख्य कर्तव्य सम्झनु पर्दछ।

ख) आफ्नो शैक्षिक संस्थाको माध्यमबाट राष्ट्रिय भावना जागृत गरी राष्ट्र र राष्ट्रियतामा देशको भावनात्मक एकता ल्याउने काम गर्नु पर्दछ ।

ग) कुनै भाषा सम्प्रदाय तथा धर्म विरोधी भावनाको प्रचार प्राध्यापक तथा विद्यार्थी बीच गर्नु हुदैन ।

घ) आज्ञापालन अनुशासन ,सद्भावना,सहयोग,सदाचार,सहानुभूति ,धैर्य र उच्च चरित्रलाई प्रोत्साहन दिनुपर्दछ ।

ङ) एक प्राध्यापकले अर्को प्राध्यापकलाई वा एक कर्मचारीले अर्को कर्मचारीलाई होच्याउने वा विद्यार्थीका बीच वैमनश्य उत्पन्न गर्ने काम गर्नु हुदैन ।

च) आफुले पालना गनुपर्ने आचारसंहिता पालन गरी विद्यार्थीहरुका लागि पथ प्रदर्शक वन्न सक्नु पर्दछ ।

छ) सादा जीवन उच्च विचारको भावना राखी नमुना वन्ने प्रयास गर्नु पर्दछ ।

### ९.२ विद्यार्थीका लागि आचार संहिता :

क) विद्यार्थीले मेरो काम अध्ययन गर्नु हो भन्ने महान् लक्ष्य लिई अगाडि वढि रहेको छु भनी ठान्नु पर्दछ ।

ख) क्याम्पसमा या वाहिर जहाँसुकै पनि अनुशासनमा रहनुपर्दछ ।

ग) समिति वा क्याम्पस प्रमुखबाट जारी गरी तत्काल लागु भएको कुरा पालन गर्नु पर्दछ ।

घ) क्याम्पसको प्राङ्गण वा क्याम्पसभित्र क्याम्पस प्रमुखको पुर्व स्वीकृति बिना विद्यार्थीहरुले देहायका काम कारवाहीहरु गर्न पाउने छैनन् ।

(अ) सभाको आयोजना गर्न ।

(आ) वाहिरका व्यक्तिलाई आमन्त्रित गर्न र वोल्न दिनु ।

(इ) नाटक, नाचगान वा कुनै किसिमको खेल तमसाको आयोजना गर्नु ।

ङ) क्याम्पस प्रमुखको पूर्व स्वीकृती विना क्याम्पसको नाममा बाहिर नाटक वा नाचगान आदिको आयोजना गर्नु हुदैन ।

च) उपयुक्त आचरण सम्वन्धी नियमहरु उलङ्घन गरेमा त्यस्तो गर्ने विद्यार्थीलाई क्याम्पस प्रमुखले देहाय वमोजिम आचरण सम्वन्धी कारवाही गर्नेछ ।

(अ) वढीमा एक हप्तासम्मको लागि कक्षावाट निलम्वन गर्ने वा कुनै निर्धारित समयको लागि क्याम्पसवाट निस्कासित गर्ने र आचारसहिता उलङ्घन गरे वापत क्याम्पस प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद : १०

१०.१ विविध :

क) राजिनामा : क्याम्पस सेवाबाट राजिनामा दिन चाहने क्याम्पस प्रमुखले संचालक समिति समक्ष अन्य प्रध्यापक तथा अधिकृत स्तरको कर्मचारीको क्याम्पस प्रमुख मार्फत अध्यक्ष समक्ष र अन्य कर्मचारीको हकमा क्याम्पस प्रमुख समक्ष राजिनामा दिनुपर्नेछ र अधिकारवालाले राजिनामा स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

ख) **बाधा अडकाउ फुकाउने :**

अ) यस क्याम्पसको विधान नियमावलीहरुमा उल्लेख भए वाहेकका विषयहरुमा बाधा अड्चन फुकाउने अधिकार सञ्चालक समितिमा रहनेछ ।

आ) काम कारवाही वैध हुने यो विधान लागु हुनुभन्दा अगाडि क्याम्पस सञ्चालक समिति वा कुनै पदाधिकारीले गरे गराएका सम्पूर्ण काम र निर्णयहरु यसै विधान वमोजिम भए गरेको मानिने छ ।

इ) यस नियमावली भित्र नपरेका अन्य कुराहरुको हकमा संचालक समितिले विनिमयमा तोकिए वा सामुहिक निर्णय गरी बाधा अडकाउन फुकाउन सक्नेछ ।

ग) यस क्याम्पसलाई ,प्रत्यक्ष कर्मचारीलाई वा संघसंस्थालाई क्याम्पस सञ्चालक समितिले उचित पुरस्कार वा दण्डको व्यवस्था गर्न सक्नेछ ।

घ) **नियमावली बनाउने अधिकार :**
नियमावली वनाउने अधिकार क्याम्पस सञ्चालक समितिमा रहने छ, तर क्याम्पस साधारण सभावाट अनुमोदन गराउनु पर्ने छ ।

ङ) **कुनै पनि कारणले क्याम्पस सञ्चालन हुन नसक्ने अवस्थामा क्याम्पसको सम्पूर्ण चल अचल सम्पत्ति सम्बन्धन दिने विश्व विद्यालय वा नेपाल सरकारको स्वामित्वमा सर्नेछ ।**

च) क्याम्पसले क्याम्पसमा अध्ययनरत नियमित अनुशासित र जेहेन्दार तथा गरिव विद्यार्थीहरुमध्ये वार्षिक वढीमा १० प्रतिशतलाई गरीव तथा जेहेन्दार छात्रवृत्ति प्रदान गर्न सक्नेछ । छात्रवृत्तिप्रदान गर्दा कम्तीमा एक जना दलित, जनजाति वा पिछडिएका विद्यार्थी हुनुपर्नेछ । छात्रवृत्ति प्रदान गर्ने प्रक्रिया आफैले निर्धारण गर्नेछ ।

छ) आवश्यकता हेरी क्याम्पस प्रशासनले कुनै वा केही विद्यार्थीहरुलाई आंशिक वा पूर्ण नि:शुल्क छात्रवृत्ति प्रदान गर्नसक्नेछ । तर त्यस्तो छात्रवृत्ति प्रदान गर्ने भएमा सञ्चालक समितिवाट अनुमोदन गराउनुपर्नेछ ।



Scanned with OKEN Scanner

## परिच्छेद :११

### ११.१ विधान संशोधन :

यस विधानलाई संशोधन गर्नु परेमा साधारण सभाको बहुमतले संशोधन गर्न सक्नेछ ।

क) क्याम्पसको विधान सशोधन गर्नु पर्ने भएमा क्यामपस सञ्चालक समितिले क्याम्पस प्रमुखको संयोजकत्वमा ५ जनाको विधान सशोधन मस्यौदा उपसमितिको गठन गर्न सकिनेछ ।

ख) विधान मस्यौदा उपसमितिले तयार गरी पेश गरेको विधान क्याम्पस सभाको दुई तिहाइ बहुमतले पास गरी त्रि.वि.वि.बाट स्वीकृति भए पश्चात तुरुन्त लागु भएको मानिनेछ ।

ग) यस विधानको आधारमा तयारगरिएको सबै किसिमका नियमावलीहरु संशोधन गर्नुपर्दा सञ्चालक समितिको गणपुरक संख्याको साधारण बहुमतबाट गर्न सकिनेछ । तर सोको अनुमोदन क्याम्पस सभाबाट गराउनुपर्नेछ ।

घ) निष्क्रियता : यस विधानमा लेखिएका कुनै कुरा पनि प्रचलित ऐन, कानुनसित बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

## परिच्छेद :१२

### १२.१ क्याम्पसको छाप र चिन्ह :

क्याम्पसको छाप गोलो घेरा भित्र नवप्रभात संयुक्त क्याम्पस पञ्चेश्वर-३ कुलाउ, वैतडी लेखिएको हुनेछ र भित्रको दोश्रो गोलाभित्र षट्कोण आकारको चिन्ह हुनेछ ।

आज मिति २०८२।०४।२० गतेका दिन यस नवप्रभात
युवा व्यावसायी संचालक सं. का कोषाध्यक्ष देव बहादुर चन्दज्यूको
अध्यक्षतामा साधारण सभा आभिभावक भेलाको आयोजना
निम्न तपसिल बमोजिमको उपस्थितिमा निर्णयहरु गरिए।

उपस्थिति

देव बहादुर चन्द
प्रकाश चन्द
बिना भट्ट
मिन बहादुर चन्द
दशरथ भगोला
नरी दत्त भट्ट
जनक बहादुर चन्द
राज बहादुर चन्द
गोरख बहादुर चन्द
मोती सिंह भगोला
शुक्र बहादुर चन्द
परमानन्द भट्ट
चक्रपाणि बल्लभ तिवारी
मोहन दत्त भट्ट
कालु सिंह जोशी
पि. धनबीर राम सार्की
केशव बोहरा
दान सिंह जोशी
गोपाल चन्द
कमल दत्त तिवारी
सरोज कुमार मोवार
भगिरथ प्रसाद कोलौनी
राम बि. चन्द
बलवीर सिंह जोशी
रामसिंह भगोला
दिपक सिंह भगोला

क्रमशः

③

| | | |
|---|---|---|
| प्रेम सिंह साउद | २८- | प्रेम सिंह साउद |
| हरक सिंह साउद | २९- | हरक सिंह साउद |
| [signature] | ३०- | गणेश सिंह साउद |
| [signature] | ३१- | मोहन सिंह साउद |
| [signature] | ३२- | कालु राम महर |
| | ३३ | कहरू राम महर |
| [signature] | ३४ | शर्मा राम महर |
| | ३५ | शिबु राम तिवी |
| [signature] | ३६ | कुम्भ चन्द |
| पदम सिंह जोशी | ३७ | पदम सिंह जोशी |
| लक्ष्मण जोशी | ३८ | लक्ष्मण सिंह जोशी |
| करन साउद | ३९ | करन सिंह साउद |
| [signature] | ४० | किशन सिंह साउद |
| [signature] | ४१ | भोले सिंह साउद |
| [signature] | ४२ | भगी सिंह साउद |
| [signature] | ४३ | केशव सिंह साउद |
| [signature] | ४४ | सुरेन्द्र सिंह साउद |
| | ४५ | रमेश सिंह साउद |
| नारायण साउद | ४६ | नारायण सिंह साउद |
| Bhagirthi | ४७ | भगि सिंह साउद |
| [signature] | ४८ | गंगा दत्त भट्ट |
| दानीदत्त | ४९ | दानी दत्त भट्ट |
| गणेश भट्ट | ५० | गणेश दत्त भट्ट |
| बलविर जोशी | ५१ | बलविर सिंह जोशी |
| | ५२ | तवि दत्त भट्ट |
| बलदेव तिवारी | ५३ | बलदेव तिवारी |
| [signature] | ५४ | जगत सिंह जोशी |
| Shekhar Singh | ५५ | शेखर सिंह जोशी |
| [signature] | ५६ | जोगा सिंह जोशी |
| धनी राम | ५७ | धनी राम साकी |
| [signature] | ५८ | धनाबेर राम साकी |
| [signature] | ५९ | नरी दत्त भट्ट |
| [signature] | | ... तिवारी |

अन्य उपस्थिति

६१ - मोहन सिंह जोशी
६२ - भवान सिंह साउद
६३ - भुवन चन्द्र तिवारी
६४ - राकेश व० चन्द
६५ - कपिल देव कलौनी
६६ - सुमन चन्द
६७ - नरेश तिवारी
६८ - सुरेन्द्र खाउद
६९ - राजू व० चन्द
७० - करवीर बोहरा
७१ - शंकर चन्द
७२ - रमेश चन्द
७३ - प्रकाश तिवारी
७४ - बसन्ती चन्द
७५ - पुष्पा तिवारी
७६ - मदन ब० चन्द
७७ - भगीरथ प्रसाद कुलौनी
७८ - राम दत्त तिवारी
७९ - डबल बहादुर चन्द
८० द्रौपती तिवारी
८१ माधवी भट्ट
८२ माधवी तिवारी
८३ नरेश तिवारी
८४ खिमानन्द तिवारी
८५ जसु तिवारी
८६ कलावती चन्द
८७ जानकी तिवारी
८८ जगत राम तिवा
८९ मदन राम तिवा
९० महेश जोशी
९१ भवानी जोशी

९४. कपिल कॉलोनी
९५ शान्ती प्रसाद कॉलोनी
९६ परमानन्द कॉलोनी
९७ अमर दत्त कॉलोनी
९८ रवि दत्त कॉलोनी
९९ द्रुपदी कॉलोनी
१०० तारा दत्त कॉलोनी
१०१- राज बहादुर चन्द
१०२. राम बहादुर चन्द
१०३. बलराम कॉलोनी

प्रस्तावहरु

१- विधान संशोधन तथा परिमार्जन सम्बन्धमा,

निर्णयहरु

प्रस्ताव नं. १ सम्बन्धमा छलफल गर्दा यस नवप्रभात संयुक्त क्याम्पस. कुलाउ. नैनडीको विधान २०६८ लाई संशोधन तथा परिमार्जन गर्न गठित विधान मसौदा समितिले सिफारिस गरी पेश गरेको नवप्रभात संयुक्त क्याम्पस. कुलाउ. नैनडीको विधान २०६८ लाई सर्वसम्मतिबाट पारित गरियो।

Scanned with OKEN Scanner